# भूकम्पीय आवास पुर्ननिर्माण आयोजना
# (EHRP)

# वातावरणीय तथा सामाजिक व्यवस्थापन ढाँचा

प्रथम संशोधन, अक्टोवर २०१८

दोश्रो संशोधन, डिसेम्वर २०१९

**तेस्रो संशोधन, अप्रिल, २०२० (२०७६)**


नेपाल सरकार

**राष्ट्रिय पूनर्निर्माण प्राधिकरण**

सिंहदरबार, काठमाण्डौं

# कार्यकारी सारांश

यस भूकम्पीय आवास पुर्ननिर्माण आयोजना (EHRP) अन्तर्गत वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा (ESMF) तयार पारिएको छ जसले विद्यमान नेपाली ऐन, कानूनहरु तथा विश्व बैंकको संरक्षण नीति संगत हुनेगरी आयोजनाको क्रियाकलापबाट सृजित हुन सक्ने संभावित नकारात्मक वातावरणीय तथा सामाजिक प्रभावहरुको न्यूनीकरण गर्ने विधी र प्रक्रियाको बारेमा जानकारी गराएको छ । चौधवटा जिल्लामा भएको यसको कार्यान्वन्यको अनुभव र MDTF को प्रावधानलाई दृष्टिगत गरी ESMF लाई वातावरणीय तथा सामाजिक प्रभाव र जोखिमको दृष्टिकोणले सम्बोधन गर्न उपयुक्त हुने गरि संसोधन गरिएको छ । यो संसोधित ESMF भूकम्पबाट प्रभावित ३२ वटा जिल्ला मा MDTF अन्तर्गतका कार्यक्रमहरु समेत समाबेस गरी कार्यान्वयन हुनेछ ।

## परियोजनाको पृष्ठभूमी

यस भूकम्पीय आवास पुर्ननिर्माण आयोजना (EHRP) को मुख्य उदेश्य भनेको २०७२ बैशाख १२ गतेको भूकम्प र त्यस पश्चातका पराकम्पनबाट प्रभावित निजि घरहरुको पुनर्निमाण गर्नुका साथै नेपाल सरकारको विपत व्यवस्थापनको लागि क्षमता अभिवृद्धि गर्नु हो । प्रति परिवार रु. तिन लाखको दरले २४०,८८० निजि आवास निर्माणका लागि विश्व बैकले सहयोग गरेको छ । यस परियोजनाको प्रभावकारी कार्यान्वयनको लागि विश्व बैक र नेपाल सरकारले संयूक्त प्रयासमा वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा (ESMF) को तयारी गरेको हो ।

यस भूकम्पीय आवास पुनर्निर्माण आयोजना (EHRP) को वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा (ESMF) को संसोधित तेस्रो संस्करणमा आयोजनाको वातावरणीय तथा सामाजिक प्रभाव सम्बोधन गर्न सरलिकृत वातावरणीय तथा सामाजिक बिधि, प्रकृया तथा साधन अवलम्वन गरिएको छ । सुरक्षण व्यवस्थापनको (प्रस्तुत) जटिलताले गर्दा प्रारम्भिक चरणको ESMF कार्यान्वयनमा झन्झटिलो पाईयो । ।प्रारम्भिक ESMF कार्यान्वयन अनुभवका साथ परिवर्तित नयाँ संघिय प्रणाली, संस्थागत संयन्त्र तथा सरकारी नीति, निर्देशन तथा भूकम्पीय आवास पुनर्निर्माण सम्बन्धि कार्यक्रम अनुरुप ESMF लाई संसोधन गरीएको छ ।

आयोजनाको तयारी, डिजाईन, ढाँचा, योजना कार्यान्वयन तथा अनुगमन गर्दा वातावरणीय तथा सामाजिक मान्यताको सुश्चितता हुनेगरी व्यवहारिक विधिको रुपमा मार्ग प्रसश्त गर्नुनै संसोधित

ESMFको मुख्य उद्देश्य हो । ESMF लाई नेपाल सरकार र विश्व बैंकको आपसी सहमति अनुरुप संसोधन गरीएको हो ।

आवश्यकता अनुसार सुधारहरु तथा पुनरावलोकन गर्न सकिने यो ESMF एउटा जिवन्त दस्तावेज हो । आयोजनाको ढाँचामा आउने कुनैपनि आकस्मिक परिस्थिति तथा परिवर्तनलाई सम्बोधन गर्न सोको उचित मूल्याङ्कन गरी उपयुक्त व्यवस्थापन तथा न्यूनीकरणका उपायहरु यसमा समावेश गरिएको छ । प्रारम्भिक ESMF मा उल्लेख कानूनी, प्रशासकीय, संस्थागत, शासन व्यवस्थामा भएका परिवर्तन सँगसँगै सुरक्षण विधिमा भएका परिवर्तन तथा परिमार्जनहरु यस ESMF मा समावेश गरीएको छ । ESMF कै अभिन्न अङ्ग स्वरुप आयोजना स्थलको वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (ESMP) तयार गरी स्थानीय स्तर तहमा परामर्शको माध्यमबाट सोको समीक्षा र प्रमाणिकरण गरी कार्यक्रमको स्वरुप र लागत अनुसार DLPIU र CLPIU बाट स्वीकृती गराउनु पर्ने व्यवस्था गरिएको छ । विशेष प्रकारको वातावरणीय तथा सामाजिक समस्याहरु देखापरेमा त्यसलाई सम्बोधन गर्ने एउटा भिन्नै स्थान विशेष वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (ESMP) तयार गरिने छ। विश्व बैक र नेपाल सरकारको संयूक्त सहमतिमा भएको दोस्रो संसोधित ESMF ले भुकम्प प्रभावित थप १८ जिल्लालाई समेटेको थियो र उक्त ESMF राष्ट्रिय पूनर्निर्माण प्राधिकरणको वेबसाइटमा प्रकाशन पनि गरीएको छ ।

MDTF को प्रावधान अनुसार जिल्ला स्तरीय सरोकारवालहरु संगको छलफल पश्चात ESMF को तेस्रो पटक संसोधन भएको छ । जिल्ला स्तरीय सरोकारवालहरु संगको छलफल पाँच जिल्लाहरुमा ( लमजुङ्ग, मकवानपुर, स्याग्जा, खोटाङ्ग, र रसुवा) गर्ने योजना थियो जसमध्ये चारवटा जिल्लाहरुमा ( लमजुङ्ग, मकवानपुर, स्याग्जा, र खोटाङ्ग, ) संपन्न भयो तर COVID - 19 को कारण देशमा भएको LOCKDOWN ले गर्दा रसुवा जिल्लामा हुन सकेन । विश्व बैक र राष्ट्रिय पूनर्निर्माण प्राधिकरणको छलफलबाट चार जिल्लामा भएको छलफलको आधारमा ESMF संसोधनको काम गर्ने सहमती अनुसार संसोधन गरीएको छ । तेस्रो संसोधित ESMF राष्ट्रिय पूनर्निर्माण प्राधिकरणको वेबसाइटमा प्रकाशन पनि गरीएको छ । परिमार्जित ESMF लाई स्थानीय र विश्व बैंकको Info Shop मा पुनःसार्वजनिक गरिने छ ।

## वातावरणीयतथा सामाजिक-आर्थिक वस्तुस्थिति तथा सवालहरुः

### *वातावरणीय वस्तु स्थिति*

परियोजनाले समेटेको ३२ वटा जिल्लामा वातावरणीय र सामाजिक सवालका दृष्टिकोणले संवेदनसिल देखिएका स्थानहरुको पहिचान गरी कार्यक्रम संचालन गर्नेछ । परियोजना क्षेत्रमा रहेको संरक्षित क्षेत्र, सरकारी तथा सामुदायिक वन जङ्गलले स्थानिय समुदायलाई जिविकोपार्जनको निम्ति आवश्यक उपभोग्य वस्तुहरु प्रदान गर्नुका साथै जोखिममा परेका विभिन्न प्रजातिका पशु पंक्षीलाई वासस्थान तथा पारस्थितिकिय प्रणालीलाई सन्तुलनमा राख्न सहयोग पुऱ्याएको छ । यसका अलावा आयोजन क्षेत्रमा स्थाीय सांस्कृतिक मुल्य रहेका स्थानहरु छरियर रहेका छन । भुकम्प प्रभावित ३२ जिल्लामा २,४५९,४०१.१४ हेक्छर जंगल रहेको छ । यस ३२ जिल्लमा २४०,८८० निजि आवास पूनर्निर्माण को लागि १.०७ मिलियन क्यूविक मिटर काठ, ४ मिलियन क्यूविक मिटर ढुंगा, ८.८ मिलियन क्यूविक मिटर बालुवा लाग्ने अनुमान गरिएको छ । ५५प्रतिशत ढुंगा र ३५ प्रतिशत काठ पुरानो भत्केको घरबाट उपलब्ध हुन सक्ने अनुमान पनि गरिएको छ ।

### *सामाजिक बनोट तथा तथ्याङ्क विवरण*

सन् २०१५ मा गरेको सर्वेक्षण अनुसार, ३२ वटा क्षतिग्रस्त जिल्लाहरुमा (श्रोत NRA/MIS) ९०३,८७६ घरपरिवारहरुलाई क्षति पुगेको पाईन्छ । सन् २०११ को तत्थ्याकं अनुसार ३२ जिल्लामा जम्मा २,२८७,७१९ घरधुरी रहेका छन भने जम्मा जनसंख्या ९,९४८,८९२ छ जसमध्ये ५२.०९ प्रतिशत महिला छन् । यी क्षेत्र हरुको सामाजिक बनोट अनुसार खासगरी जनजाति समुदाय का मानिसहरु (जसलाई आदिवासी जनजाति भनिन्छ) वढी रहेको पाईन्छ (४१प्रतिशत) । त्यसैगरी दलित हरु ६ प्रतिशत लगायत अन्य पिछडिएका समुहहरुको पनि त्यहाँ उल्लेखनिय उपस्थिति रहेको पाईन्छ । त्यसैगरि यहां १७३,७३३ महिलाले प्रतिनिधित्व गरेको परिवार छ, जुन जम्मा घरधुरी संख्याको २१% रहेको छ ।

### *वातावरणीय जोखिम/असर*

भुकम्म प्रतिरोधात्मक आवासको निर्माण आवश्यक सरसफाई तथा घर भित्रको स्वच्छ वायुको बारेमा चेतना जगाउनु तथा समुदाय स्तरमा तथा घर घरमा वातावरण सम्बन्धि राम्रा अभ्यासहरुको बारेमा प्रचार गर्नको लागि संयन्त्र तयार गर्ने इत्यादि कार्यहरु सकारात्मक वातावरणीय असर अर्न्तगत

पर्दछन् । केहि वातावरणीय नकारात्मक असरहरु ठाँउ बिशेष तथा मध्यम खालको हुन सक्ने अपेक्षा गरिएको छ । जसमा सम्भाव्य केहि नकारात्मक जोखिमहरु निम्नानुसार  छन् ।

- भवन निर्माणको समयमा  हुने  काठको बढ्दो मागले गर्दा सामुदायिक वन तथा त्यसका स्रोत साधनमा पर्न जाने असर (एउटा जिल्ला बाट अर्को जिल्लामा हुने काठको निर्यात) जस अनुसार नेपाल सरकारले भूकम्प प्रभावित जिल्लाहरुमा काठ ढुवानीमा छुट दिएको छ ।
- ढल निकासको व्यवस्थापनमा भएको परिवर्तन, ढुंगा निकाल्ने तथा उत्खनन् गर्ने आदी कार्यहरुले गर्दा भुक्षय तथा पहिरो जाने समस्या बढ्ने ।
- ढुंगा, गिटी, बालुवा, रोडा, माटो उत्खनन् क्षेत्रमा असर ।
- माटो तथा माटो, ढुङ्गा, बालुवा मिश्रित लेदो पदार्थको उचित व्यवस्थापन तथा फोहोर संकलन र घातक फोहरजन्य वस्तुको समुचित व्यवस्थापन । यी असरहरुलाई सम्बोधान गर्न आयोजनाले निम्न कार्य गर्नेछ ।
- ढलिसकेका रुख, मुढा र भत्किएका भवन हरुबाट निस्किएका काठ, ढुङ्गा,माटो आदिको पुनः प्रयोग ।
- वृक्षारोपण, सामुदायिक वन, नविकरणीय उर्जा, जस्ता राम्रा उपायहरु बस्तिमा भित्र्याउने ।
- ढुङ्गा खानीका लागि सुरक्षित स्थानको पहिचान, बालुवा/रोडा/माटोको योग्य (जान्ने) व्यक्तिद्धारा उत्खनन ।
- निर्माण सामग्रीहरको सुरक्षित संकलन र व्यवस्थापन, भग्नावशेषको उचित व्यवस्थापन, फोहोर तथा खतरापुर्ण सामग्रिहरुको सुरक्षित संकलन र व्यवस्थापन, धुलो नियन्त्रण तथा फोहोर व्यवस्थापनका उपाय र यी वातावरणीय उपाय अवलम्बन सम्बन्धि तालिम आयोजना गर्ने आदि ।
- आयोजनाले निर्माण सामाग्रिहरु सुरक्षित रुपमा प्रयोग गर्न र कार्यक्षेत्रमा अपनाउनुपर्ने सर्तकता बारे तालिम र चेतना पनि जगाउने काम पनि गराएको छ ।

***सामाजिक जोखिम/असर***

यस आयोजनाबाट मुल रुपमा सकारात्मक उपलब्धी हुने आशा गरिएको भयपनि केहि सम्भावित जोखिमहरु यस प्रकार हुन सक्छन्:

- जोखिम वर्गहरु जस्तैः बृद्ध, एकल महिला र १६ वर्ष मुनिका बालबालिका घरमुली भएका,अपाङ्ग,दलित, जातिय अल्पसँख्यक तथा गुठी जग्गा, सुकुमबासि, गुम्बाहरु, भाडाको जग्गामा बसोबास गर्ने र आवश्यक कानुनी कागजात नभएका व्यक्तिहरुः उदारणका लागि नागरिकता प्रमाणपत्र, जग्गाधनि प्रमाण पुर्जा, बसाईसराई तथा अनुपस्थित घरधुरिहरुमा असर ।
- वन जंगलमा आश्रित आदिवासी समुदायको जीविकोपार्जनमा असर ।

यी नकारात्मक असरहरुलाई सम्बोधन गर्न निम्न तरिकाहरु अपनाईने छ : -

- साविककै स्थानमा आवास बनाउन प्राथमिकता दिने ।
- सरकारको पुर्नवास योजना अन्तर्गत बसोबास गर्न अयोग्य भूमि भएका र भूमिहिनलाई जग्गा खरिद गर्न थप अनुदान रकम सहयोग गर्ने ।
- ब्यापक सूचना तथा जनचेतनाको अभियान ।
- सांस्कृतिक रुपमा संवेदनशिल एवं प्रभावकारी छलफल गर्ने रण नीति लिने ।
- शसक्त गुनासो संबोधन संयन्त्र तयार गर्ने (GRM) र जोखिममा रहेका समुह तथा महिलालाई आयोजनाबाट अधिकतम लाभका निम्ति विशेष उपायहरु अवलम्वन गर्ने (उदाहरणको लागि निर्माणको बेला विशेष सहयोग गर्ने, तालिममा प्राथमिकता दिने आदि)।

## वातावरणीय तथा सामाजिक विषयबारे नीतिगत ढाँचा

भूकम्प प्रभावित लाभग्राही घरधुरीहरुलाइ सहयोग कार्यक्रम अन्तर्गत आवास पुनर्निर्माण अनुदान, जोखीमयुक्तवस्तीहरुको स्थानान्तरण, वसोवास योग्य जग्गा खरिदको लागी अनुदान, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको जोखीमवर्ग मापदण्डमा पर्ने कमजोर घरधुरिलाई सहयोग, आवास पुनर्निर्माणमा काठको उत्पादन, आपुर्ति र व्यवस्थापनका लागी नेपाल सरकारले भुकम्पिय आवास पुनर्निर्माण आयोजान ( EHRP) विकास गरेको छ ।

वातावरणीय तथा सामाजिक व्यवस्थापन ढाँचा (ESMF) मा यस कार्यक्रमबाट सुबिधा प्राप्त गर्ने योग्य मापदण्ड, बिधीहरुका साथै दृष्टिकोणहरुको बर्णन गरिएको छ । त्यसैगरी यस आयोजनामा समावेश गरिएको नेपाल सरकारका उपयुक्त नीति, नियमहरुः १) भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन २०७२, सामुदायिक पुनर्निर्माण समिति सम्वन्धित कार्यविधिहरु, वन ऐन तथा

नीति, भूकम्प प्रभावित संरचना पुनर्निर्माण आयोजानाहरुमा वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) कार्यान्वयन कार्यविधि २०१५(दोस्रो संशोधन २०१७), जग्गा प्राप्ती ऐन, निर्देशिका, पुर्नवास नीति रुपरेखा, पुनर्निर्माण सम्वन्धि गुनासो व्यवस्थापन कार्यविधि । २)आदीवासी जानजाती तथा अन्य जोखीमवर्गका समुदायहरुसँग सम्वन्धित कानुनहरु । ३) सुशासन, सामाजिक उत्तरदायीत्व तथा सञ्चार एवं परामर्श प्रबर्धन गर्ने निर्देशिकाहरू । ४) वातावरण संरक्षण, प्राकृतिक प्रकोप व्यवस्थापन र वन जंगल तथा वन्यजन्तु संरक्षण सम्वन्धि नियम तथा निर्देशनहरु, यस आयोजनामा आकर्षित हुने बिश्वबैंकका नीतिहरु ओपि/विपि(OP/BP) ४.०१ वाताबरण मुल्याङ्कन, ओपि/विपि ४.०४ प्राकृतिक वासस्थान, ओपि/विपि ४.३६ बन जङ्गल, ओपि/विपि, ४.११ भौतिक सांस्कृतिक स्रोतहरु (PCR), ओपि/विपि ४.१२ इच्छा विपरित गरिने पुर्नवास र ओपि/विपि ४.१० आदीवासी जनजातीहरु पर्दछन ।नेपाल सरकारका ऐन र नियमहरु कासाथै बिश्व बैंकका सञ्चालित नीतिहरुले परियोजानाको तयारी कार्यान्वयन र अनुगमनमा सामाजिक तथा वातावरणीय सुरक्षण पालनाको सुनिश्चितताका लागी प्रक्रिया तथा कार्यबिधिहरुको पारिभाषीत गर्नुको साथै समग्रमा नियमनकारी रुपरेखा प्रदान गर्दछ ।

## वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धि मुद्दाहरु

आयोजना स्तरीय वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (ESMP) लाई आयोजनाको ESMP (तालिका ५) को एक अंगको रुपमा तयार पारिएको छ । गाउँ/नगरपालिकामा योजना कार्यान्वयन गर्दा ESMP लाई अवलम्बन गरिने छ । गाउँ/नगरपालिकामा आयोजना स्तरीय ESMP अवलम्बन तथा कार्यान्वयन गर्दा निम्न दुई प्रकृयाहरु अपनाइनेछन:

(१) गाउँ/नगर स्तरमा तयार पारिएको योजनालाई स्थानीय स्तरको छलफल तथा स्थलगत निरिक्षण मार्फत पुनरावलोकन तथा प्रमाणीकरण गरिने छ । प्रमाणीकरणको क्रममा योजनाले नसमेटेका विशेष प्रकृतिका वातावरणीय तथा सामाजिक मुद्दाहरुलाई छुट्टै योजना (ESMP) तयार गरी सम्बोधन गरिने छ । विशेष प्रकृतिका वातावरणीय तथा सामाजिक मुद्दाहरुमा, उदाहरणको लागि, पुनर्निर्माणको लागि पानीको अभाव, हाल प्रयोगमा रहेका अस्थायी संरचनाहरुको सुरक्षा चुनौति, भिरालो जग्गाको अस्थिरता र पहिरो तथा सामुदायिक पुर्नवास आदि पर्दछन । गाउँ/नगर स्तरीय छलफलका साथै सोको प्रमाणीकरण यस आयोजना कार्यान्वयनको एउटा चरणको रुपमा रहने छ ।

(२) गाउँ/नगरमा कार्यान्वयनमा गएका परियोजनाहरुको वस्ती स्तरका मुद्दाहरु त्था न्यूनीकरणका उपायहरु समेटी (आयोजना स्तरीय तथा विषेश मुद्दाहरु दुबैमा) सुपरीवेक्षण तथा अनुगमन गर्ने ।

वातावरणीय तथा सामाजिक मुद्दाहरु (परिच्छेद ५ मा उल्लेखित) सम्बोधनको लागि माथि उल्लेखित प्रत्येक चरणहरु वातावरणीय तथा सामाजिक व्यवस्थापकीय दृष्टिकोणबाट उच्च महत्व दिइएको छ । यसबाहेक आयोजनाले वातावरणीय तथा सामाजिक दीगोपनाको लागि आयोजना चक्रका विभिन्न चरणहरुमा परिस्कृत गर्ने उपायहरु समाहित गर्नेछ ।

नेपाल सरकार/राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग सम्बन्धित कार्यक्रमहरु सुरक्षित पुनर्निर्माण साथै विशेष प्रकृतिका वातावरणीय तथा सामाजिक सवालहरुको न्यूनीकरणका लागि जिल्ला स्तरीय निकायहरुसँगको समन्वयको रुपमा लिन सकिन्छ । लैङ्गीक समावेशीकरण साथै सङ्कटासन्न समुदायहरु को समर्थनका लागि आयोजना अवधिभर सामाजिक तथा प्राविधिक सहयोग प्रदान गरिनेछ ।

## MDTF कार्यक्रम

MDTF लाई पनि सामाजिक तथा वातावरणीय असर र प्रभाव न्यूनीकरण गर्ने कार्यक्रममा समाबेश गरिने छ । WB बाट सहयोग भएका योजनाहरुमा सामाजिक तथा  वातावरणीय असर, प्रभाव न्यूनिकरण गर्ने जस्ता कार्यहरुलाई प्राथमिकताका साथ लागु गरिने छ । तालिम क्षमता अभिवृद्धि, जनजागरण, जन जानकारी बारे गरिने अध्ययनहरु MDFT का टाइप १ र टाइप २ TA मा समाबेश गरिएको छ । यस प्रकारको कार्यक्रमले नया सामाजिक तथा  वातावरणीय सुरक्षा कार्यक्रमको निति तथा कार्यक्रमहरुमा खासै परिबर्तन हुने छैन ।

सामाजिक सुरक्षा कार्यक्रम नीतिलाई MDFT को TA क्रियाकलाप संग एकिकृत गरेर सामाजिक तथा वातावरणीय उद्देश्य अनुरुप कार्यक्रम संचालन गर्नुपर्नेछ । यसको उद्देश्य अनुरुप परिपूर्ति गर्नुको लागि संस्थागत अभिवृद्धिलाई परिमार्जन गरि सामाजिक तथा  वातावरणीय पक्षको सबलीकरण गर्नुपर्ने हुन्छ । सबै प्रस्तावित कार्यहरु बृहत रुपमा अध्ययन गरि मुख्यतया सामाजिक तथा वातावरणीय तालिम र यसका विषय वस्तुहरुमा आवस्यकता अनुसार परिमार्जन गर्नुपर्ने हुन्छ । सामाजिक र वातावरणीय पक्षलाई मूलधारमा ल्याउनको लागि आवश्यकता अनुसार प्रस्तावहरु तयार गर्नुपर्ने हुन्छ । उदहारणको लागि वातावरण स्वास्थ्य र सुरक्षा,फोहोरमैला व्यवस्थापन निर्माण सामग्रीहरुको व्यवस्थापन आढीबारे जानकारी गराउन सकिन्छ ।

सहरी क्षेत्रमा भूकम्प प्रभावित घरहरुको निर्माणमा देखापरेको समस्याहरुलाई विश्लेषण गर्न सकिन्छ । वातावरण र सामाजिक पक्षमा सम्पत्तिको अधिकार र घरधनि र मोहिर संरक्षित क्षेत्र, मल व्यवस्थापन र निर्माण कार्यबाट हुने असर बारे पनि समावेश गर्नुपर्ने हुन्छ । सूचना प्रबाह कार्यक्रम र मुख्य रूपमा आर्थिक क्षमता वृद्धि, आफैले काम गर्ने क्षमता वृद्धि, विकोपार्जनमा वृद्धि जस्ता विषयहरुमा वातावरण तथा सामाजिक पक्षमा राम्रो ज्ञानहरुलाई जागरूकताका साथ लानुपर्ने हुन्छ ।

## कार्यान्वयन चरणमा परामर्श तथा सूचना प्रबाह

३२ वटा जिल्लाका आयोजना कार्यालयहरु (DLPIU-GMaLI), केन्दीय आयोजना कार्यान्वयन ईकाइ (CLPIU-GMaLI) र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (NRA) को आयोजना व्यवस्थापन ईकाइ ( PMU) सहित समुहहरु सगँ यस ESMF को बारेमा छलफल गरिएको थियो ।आयोजना कार्यान्वयन ईकाइहरुबाट प्राप्त सुझाव र परामर्शको आधारमा यो ESMF तयार परिएको हो । परिमार्जित ESMF तथा आयोजनाका अन्य सूचनाहरु सार्बजनिक स्थलमा खुलासा गर्नुका साथसाथै आयोजनाको वेवसाईटस्मा पनि सार्बजनिकरण गरिएको छ ।आयोजना स्थलहरुबाट सुझाव संकलन गर्नको लागि विभिन्न ४ वटा जिल्लाहरु (लमजु•, स्याङजा, मकवानपुर र खोटाङ)मा सुझाव संकलन गोष्ठि आयोजना गरी सुझाव संकलन गर्ने कार्य संमपन्न गरीएको छ । आयोजनाको कार्यान्वयनको चरणमा सरोकारवालाहरु संग थप परामर्श गरिने छः जसमा आवास डिजाइन, आयोजना स्तरमा तयारभयका वातावरणीय तथा सामाजिक व्यवस्थापन योजनाको समिक्षा तथा प्रमाणीकरण र भवन तथा आवास निर्माण गर्ने स्थानको छनौट पर्दछ । जिल्ला स्तरीय सरोकारवालाहरु संग गरिएको छलफलको सारासं प्रतिवेदन यसै ESMF को अनुच्छेदमा राखीएको छ । यो ESMF प्राधिकरण तथा CLPIU को वेवसाइटमा नेपालीकार्यकारी साराशं सहित सार्वजनिकरण गरिएको छ ।

## गुनासो सम्बोधन संयन्त्र

ESMF को एउटा खण्डको रुपमारहेको गुनासो सम्बोधन संयन्त्रले समग्र आयोजनाको लागि विकास गरिएका गुनासो सम्बोधन संयन्त्र नै अंगिकार गर्दछ । गुनासो लिखित रुपमा, टेलिफोन, SMS मार्फत दर्ता गर्न सकिन्छ । गुनासो सम्बोधनका लागि तिन तहमा गुनासो सम्बोधन समितीको व्यवस्था गरिएको छ : वडा तहमा, पालिका तहमा र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा ।

## आयोजना कार्यान्वयन तयारी

NRA मार्फत सम्पूर्ण निति निर्माण, आयोजना तयारी, मार्ग दर्शन र आवश्यक समन्वय गरिन्छ, त्यस्तै CLPIU GMaLI र CLPIU Building मार्फत आयोजना कार्यन्वयन हुन्छ । वातावरणीय तथा सामाजिक आवश्यकता अनुरुप पर्यवेक्षण गर्न र लापरवाही नगरी यसको पालना गर्नका लागि CLPIU-GMaLI मा वातावरण तथा सामाजिक विज्ञको व्यबस्था गरिएको छ । जिल्लामा आयोजना स्तरको ESMP प्रमाणीकरण, न्यूनीकरण र कार्यान्वयन गर्नप्रत्येक DLPIU-GMaLI मा वातावरणीयतथा सामाजिक सुरक्षा विशेषज्ञ उत्तरदायी हुनेछ । निजि आवास पुनर्निमाण साथै वातावरणीय तथा सामाजिक काममा आवश्यक सहयोग पुर्याउन सामाजिक प्राविधिक सहायता टोली उपलब्ध छ ।

## अनुगमन

वातावरणीय तथा सामाजिक क्रियाकलापको अनुगमन DLPIU-GMaLI, CLPIU-GMaLI, PMU र तेश्रो पक्ष अनुगमन निकाय मार्फत गरिन्छ । समुदाय स्तरको वातावरणीय तथा सामाजिक क्रियाकलापको अनुगमन DLPIU-GMaLI को समन्वयमा स्थानिय निकाय ( गाउँपालिका/नगरपालिका) र जिल्ला समन्वय समिति मार्फत गरिन्छ । DLPIU-GMaLI ले सहआयोजना स्तरमा वातावरण तथा सामाजिक व्यवस्थापन कार्ययोजना ठिक सँग कार्यान्वयन भएको छ कि छैन भनी जिल्ला स्तरमा निरन्तर अनुगमन गर्ने छ । PMU र CLPIU-GMaLI द्वारा वातावरणीय नियम तथा नियमावली, वातावरणीय तथा सामाजिक सुरक्षा तथा वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा (ESMF) को व्यवस्था अनुरुप पुर्ण रुपमा पालन भएको/नभएको अनुगमन गर्ने छ । PMU ले आयोजनाको अनुगमनको गर्न गठन गर्ने तेश्रो पक्ष अनगुमन निकायले सह आयोजना स्तरीय वातावरणीय सुरक्षणको अनुपालनको शुरुमा ६ महिनामा र पछि प्रत्येक वर्ष स्वतन्त्र रुपले मुल्याङ्कन गर्नेछ ।

## क्षमता अभिवृद्धि

EHRP आयोजनाको प्रभावकारी कार्यान्वयन गर्नकालागि सबै तहमा क्षमता विकास गर्न जरुरी हुन्छ । यस परियोजनाले PMU तहमा, CLPIU-GMaLI र DLPIUs मा एक एक जना सामाजिक विकास विज्ञ र वातावरणिय विज्ञको व्यवस्था गर्नेछ । साथै जोखिम वर्गहरुको सहायोग कोलागि STA समुहको परिचालन पनि गर्नेछ । PMU र CLPIU ले DLPIUs संग सहकार्य गरी वार्षिक कार्ययोजनाहरु बनाउने गर्छ ।

**सुचि १: ESMF को कार्यान्वयनको लागि बजेट**

| बजेट शिर्षक | रकम/स्रोत |
|---|---|
| कर्मचारी (वातावरणीय तथा सामाजिक विज्ञ) | आयोजनालाई चाहिने सम्पुर्ण मानव संसाधनको भाग । |
| घर /आवास स्तरीय राम्रा अभ्यास र न्यूनीकरणका उपायहरु (सामाजिक प्राविधिक सहयोग सहित) | आवास सम्झौता अन्तर्गत |
| आयोजना स्तरिय वातावरणीय तथा सामाजिक असर कम गर्ने उपायहरु | आयोजना स्तरिय अनुमानित बजेट ने.रु. ३३४.३० मिलियन |
| अनुगमन - निरिक्षण (NRA-PMU, CLPIU, DLPIUs)) | सम्पुर्ण आयोजना निरिक्षण/अनुगमन शुल्कको भाग |
| तेस्रो पक्ष अनुगमन | ने.रु. ३०.३० मिलियन |
| वातावरणीय तथा सामाजिक तालिम, जनचेतनामुलक तालिम, सूचना प्रवाह मुलक कृयाकलापहरु | अनुमानित ने.रु. ४४.८० मिलियन |
| सिमान्तकृत र जोखिमवर्गको लागि सामाजिक प्राविधिक सहायात (STA) | अनुमानित ने.रु. ३०.३० मिलियन |

**अनुसुचि १: आयोजना स्तरिय वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (ESMP)**

| सं.न | सवाल | वास्ताविक असरको प्रकृति विवरण | असर कम गर्ने उपायहरु | कार्यान्वयन इकाई | अन्य |
|---|---|---|---|---|---|
| | **साधारण वातावरणिय सामाजिक सवालहरु** | | | | |
| १ | काठको मागलाई पुर्ति गर्नको लागि सामुदायीक वनका रुखहरु काटने कार्य र क्षतिमा बदोत्तरी | भुकम्प प्रभावित घरहरुको निर्माण गर्नको लागि आवस्यक काठहरु अनुमानित ३२ जिल्लाको लागि २८.१६ मिलियन क्यू मि. भयकोले बस्तीको नजिक रहेको सामुदायकवनमा बढिचाप परेको छ। यस प्रकारको असरको प्रभावलाई मुख्य प्रभावको रुपमा लिईएको छ। | • भत्केका घरहरुको काठ पुनप्रयोग गर्ने।<br>• हावा हुरी र अन्यकारणले ढलेका रुखको प्रयोग गर्ने।<br>• सकेसम्म घना जंगलको भागको रुख काटने।<br>• लाभग्राहीहरुको जमिनमाभएको रुखहरु काटन जिल्ला वनकार्यालयले बढि प्राथमिकता दिईएको छ।<br>• वार्षिक वन काटछाट कार्यक्रमवाट प्राप्तहुने काठहरुको प्रयोग गर्ने।<br>• असर भएका सामुदायीक वनहरुमा वृक्षारोपन कार्यक्रम संचालनगर्ने। | सामुदायीकवनप्रयोग समूह | सामुदायिक बन उपभोक्ता समुह, वन सम्वन्धि निकाय संग समन्वय गरी वृक्षारोपन कार्यक्रम संचालन गर्ने। |
| २ | ढुंगा, वालुवा, कन्कृट र स्लेट उत्खनन गरेका स्थानहरुमा परेका असर | वालुवा, कन्कृट, स्लेट र ढुंगा नजिकको खोला र ढुंगा निकाल्ने क्षेत्रहरुबाट बढि मात्रामा निकालने गरिएकोले त्यस क्षेत्रमा प्राकृतिक असर बढि देखिएको जुन व्यवस्थापन गर्न सकिने स्थितिमा रहेको छ। | • भत्केको घरहरुको ढुंगा, गिट्टीप्रयोग गर्दा ढुंगाउत्खनन क्षेत्रमाकम असर पर्ने।<br>• व्यक्तिगत घरहरुको लागि ढुंगा निकाल्दा सार्वजनिक स्थल, सेवामूलक क्षेत्रहरुको नजिकबाट ननिकाल्ने।<br>• यदि ढुंगा गिट्टी निकालिएका स्थानहरु सुरक्षित छन भने अझ सुरक्षितगर्नको लागि जमिन सम्याउने र ढलको व्यवस्थापन गर्नुपर्ने हुन्छ।<br>• सडकको किनारा, पुल नजिक र गौचरण क्षेत्रबाट ढुंगा निकाल्न बन्देज गर्ने।<br>• व्यक्तिगत घर निर्माण गर्न अत्याधिक ढुंगा उत्खनन गरेका स्थानहरुको जोखिम र भुक्षय/पहिरो हुन बाट बचाउन विज्ञहरुको सल्लाह अनुसार पुनःस्थापना गर्ने। | लाभग्राहि **DLPIU (GMaLI)** | ढुंगा निकालिएका स्थानहरुको जाँच गरी सुरक्षित तवरले व्यवस्थापन गर्ने।<br><br>व्यवसायीक ढुंगा खानीको लागि यो सर्त लागु हुने छैन। |

| सं.न | सवाल | वास्ताविक असरको प्रकृति विवरण | असर कम गर्ने उपायहरु | कार्यान्वयन इकाई | अन्य |
|---|---|---|---|---|---|
| ३ | पुनप्रयोग नहुने घरका सामानहरुको व्यवस्थापन (घर भत्केर निस्केका सामानहरु) | प्रायजसो घर भत्केर निस्केका प्रयोग विहिन सामानहरु जथाभावि सडक र गहिरो भागमा पुर्ने गरिएको । | • घर भत्केर निस्केका सामानहरु .... फलामका टुक्रा, सिमेन्टको बोरा र पुनप्रयोग हुन सक्ने सामानहरुको संकलन गरी कवाडी लाई बिक्री गर्ने ।<br>• भवननिर्माणको लागि चाहिने निर्माण सामाग्रीको मागलाई कमगर्नको लागि घर भत्केका सामानहरुमा तिन आर (3R) सिद्धान्त (कम गर्ने, पुन प्रयोग गर्ने र पुन काममा ल्याउने) को प्रयोग गर्ने ।<br>• घर भत्केका सामानहरुको उचित व्यवस्थापन गर्ने । | लाभग्राहि **DLPIU** **(GMaLI)** | घर भत्केर थुप्रेका सामानहरुको व्यवस्थापनको लागि अन्य सम्वन्धित निकायहरुसंग समन्वय गरी जन जागरण र उचित व्यवस्थापन गर्ने जस्ता कार्यत्रमहरु संचालन गर्ने<br>(कार्यक्रम निशचित स्थानमा आवश्यकताको आधारमा संचालन गर्नु पर्नेछ ) |
| ४ | व्यवसायीक स्वास्थ र सुरक्षा | पुनर्निर्माण गरिएका घरहरुमानिर्माण कार्य गर्दा साना तिना दुर्घटनाहरु हुन सक्ने । यदि ठेकेदारले निर्माण गर्ने वस्ति विकासको कायहरु मा कामदार बस्ने क्याम्पहरुमा स्वास्थ र सर-सफाईको समस्या देखा पर्न सक्ने । | • ढकर्मि र सिकर्मिहरु लाई सुरक्षा सम्बन्धि तालिम प्रदान गर्ने र घर धनिलाई पनि सुरक्षा समस्या बारे सजग गराउने ।<br>• यदि ठेकेदारबाट कामभएको छ भने कामदारहरुको क्याम्पमा स्वास्थ र सरसफाईको उचित व्यवस्थापन गर्ने ।<br>• निर्माण कार्य गर्ने बेलामाव्यक्तिगत सुरक्षाका सामानहरु उपलब्ध गराउने ।<br>• निर्माण स्थलहरुमा प्राथामिक स्वास्थ किट अनिवार्य रुपमा राख्ने व्यवस्थागर्ने । | जहा ठेकेदारहरुबाट कार्य भएको छ उक्त स्थानहरुमा केन्द्र र जिल्ला स्थित कार्यालयहरुको समन्वयमाअनिवार्य टुल किट राख्न व्यवस्थागर्नु पर्ने । | जन चेतनाका कार्यक्रमहरु पनि डकर्मी तालिम संगै समावेश गरी संचालनगर्न केन्द्र र जिल्ला स्थित कार्यालय संग समन्वयय गरी संचालनगर्नु पर्ने । |
| ५ | कामदारको छनौट र बाल श्रमिकहरुको प्रयोग | प्राय व्यक्तिगत घरहरुको निर्माणहरुमा अन्य स्थानबाट बसाई सराई गरेका श्रमिकहरुको प्रयोग हुन सकछ । | • असक्त र बालश्रमिकहरुको प्रयोगमा रोक लगाउन योजना स्तरिय चेतनामुलककार्यक्रमहरु संचाालन गर्नुपर्ने ।<br>• असक्त र बाल श्रमिकहरुलाई प्रयोग गर्न रोक लगाउने । | **GMaLI** र ठेकेदार | ठेकेदारहरुलाई असक्त र बालश्रमिकहरु प्रयोग नगरे बापत धन्यवाद सहित सम्मान गर्ने कार्य |

| सं.न | सवाल | वास्ताविक असरको प्रकृति विवरण | असर कम गर्ने उपायहरु | कार्यान्वयन इकाई | अन्य |
|---|---|---|---|---|---|
| | | | | | गर्ने । |
| ६ | लोपोन्मुख सेवा प्राप्त नगरेका समूहहरु<br><br>(जनजाति, दलित, महिला, असक्त र वृद्ध) | लोपोन्मुख र समावेश नभएका समुदायहरु जस्लाई खासै सुझाव संकलन नभएकाहरु<br><br>योजना बाट प्राप्तहुने सेवा सुविधाहरु बारे जानकारी नभएका कारणले भवननिर्माण कार्यमा सामाजिक सवालहरु समावेश हुन नसकेको । | • घर निर्माण गर्ने सहयोग रकम समयमान जोखिम वर्ग र सिमातकृत र असक्त घर धनीहरुलाई उपलब्ध गराउनु पर्ने ।<br>• घर बनाउने कार्यलाई गति प्रदानगर्नको लागि सिमातकृत सेवा बन्चित समुदायहरुलाई सामाजिक र प्राविधिक सहयोग प्रदान गर्नु पर्ने ।<br>• राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले सिमातकृत समुहमा समावेश गरेका समुदायहरु मा विभिन्नअन्य निकायहरुबाट पनि भवननिर्माणमा सहयोग जुटाउने प्रयास गर्नु पर्ने ।<br>• योजना र सम्बन्धित निकायहरुको सकृयतामा आवश्यक समुदायहरु मा तालिम र आय आर्जनहुने कार्यक्रमहरु संचालन गर्ने । | लाभग्राहि<br><br>**NRA/PMU**<br><br>**CLPIU (BUILDING)** | |
| ७ | **वातावरणीयतथा सामाजिकविषयकाविशेष पक्षहरु** | | | | |
| ७.१ | हाल प्रयोगमा राखेका अस्थायी घर टहराहरुको सुरक्षित व्यवस्थापन | प्राय भुकम्प प्रभावित समुदायहरुमा स्थानिय घरहरुको निर्माण सम्पन्न नभए सम्म अस्थायी घरहरुमा बस्नु पर्ने बाध्यता<br><br>प्राय अस्थायी घरहरु ईमरजेन्सीमा निर्माण गरेकाले ति घरहरुबाट पुर्ण सुरक्षा र सेवाप्रदान गर्न नसकिने स्थीतिमा रहेको छ । | • स्थानीय घराहरु निर्माण नभए सम्ममात्र अस्थायी घरहरु बनाउनु पर्ने ।<br>• अस्थायी घरहरुको मर्मत संभारमा ध्यान पुर्‍याउनु पर्ने ।<br>• नँया निर्माण भएका घरमा सरिसके पछि पुरानो अस्थायी टहराहरुलाई सुरक्षित तबरले भत्काउनु पर्ने ।<br>• अस्थायी टहरा भत्काउदा निस्केको सामानहरु चर्पि, गोठ, तरकारी बारी को टहराहरु निर्माण गर्न प्रयोग गर्नु पर्ने । | लाभग्राही<br>**(DLPIU)** | |

| सं.न | सवाल | वास्ताविक असरको प्रकृति विवरण | असर कम गर्ने उपायहरु | कार्यान्वयन इकाई | अन्य |
|---|---|---|---|---|---|
| | | प्राय जस्तापाता र वासबाट बनेका टहराहरु मजबुत नहुने भएकोले प्राय बर्षात मौसममा घर भत्केर दुर्गटना हुन सक्ने । | | | |
| ७.२ | पुनर्निर्माणको लागि पानिको व्यवस्थापन | पानिको अभाब पुर्ति गर्ने योजनाको लक्ष्य भित्र नपरेता पनि प्रायजसो लाभग्राहीहरुको बस्ति दुर्गम र कम पानि भएका स्थानहरुमा अवस्थित भएकोले सुख्खा मौसममा भवन पुनर्निर्माण गर्न पानिको आवश्यक भएको ।<br><br>भवन पुननिर्माण लाई असर नपर्ने गरी पानिको उपलब्धताको आधारमा योजना संचालन गर्नु पर्ने । | • बढि पानि प्रयोग गर्ने कार्य कम गरी, बेलुका खेर जाने पानि संकलन गरी प्रयोग गर्ने ।<br>• खानेपानि योजना निर्माण गर्न पानिको मात्रा र उपलब्धतालाई द्वष्टीगत गरि गर्नु पर्ने ।<br>• सके सम्म अन्य प्रविधिहरुको प्रयोग गरी हाल प्राप्तभएको श्रोतहरु बाट बढि पानि उपलब्ध गराउने प्रयास गर्ने ।<br>• जिल्लामा खानेपानि क्षेत्रमा कार्यरत सरकारी, अर्ध सरकारी संघ संस्थाहरुसंगको समन्वयमा खानेपानि योजनाहरु संचालन गर्ने ।<br>• | खानेपानिमा कायगर्ने सम्बन्धित निकायहरु | **DLPIU** ले **CLPIU**लाईजानकारी गराई **NRA** ले समन्वय गर्नेछ । सवै सम्वन्धित संस्थाहरु संग समन्वय गरी कम खर्चमा योजना संचालनागर्नु पर्नेछ । |
| ७.३ | भिरालो जग्गालाई स्थायत्विप्रदानगर्ने र पहिरो नियन्त्रण गर्ने । | कुनै विशेष परिस्थितिमापहिरोबाट जोखिममा परेका घरहरुको सुरक्षागर्न पर्ने ।<br><br>भिरालो जग्गालाई स्थायत्वि प्रदान गर्ने र पहिरो नियन्त्रण विधि अपनायर स्वच्छिक स्थानान्तरण र नँया स्थानमा बस्ति सार्ने कार्य | • पुनर्निर्माण प्राधिकरणलाई स्थानको वास्तविक स्थितिबारे समयमानै जानकारी गराउने ।<br>• CLPIU ,भवन र NRA बाट भु-प्रविधिको अध्ययन गर्नु पर्ने ।<br>• भिरालो जग्गालाई स्थायीत्व प्रदान गर्न- वायो ईन्जिनियरिङ प्रविधिबाट, टेवापर्खाल, ग्याविन पर्खाल, भुक्षयकमगर्न बृक्षारोपण, आदीकार्य संचालनगर्नु पर्ने । | **CLPIU(GMaLI)** | भु-प्रविधि सम्बन्धि अध्ययन **NRA** ले गर्नेछ ।<br><br>जिल्लामा भु-क्षय संग सम्बन्धित निकायहरु संग मिलेर वायो ईन्जिनियरिङ कार्य गर्नु पर्ने<br><br>यदि कुनै स्थानहरुमा वायो ईन्जिनियरिङ प्रविधिको प्रयोग |

| सं.न | सवाल | वास्ताविक असरको प्रकृति विवरण | असर कम गर्ने उपायहरु | कार्यान्वियन इकाई | अन्य |
|---|---|---|---|---|---|
| | | | | | गर्नु पर्ने भएमा **DLPIU**, भवनले डिजाईन/ रिपोट तयार गर्ने छ । |
| ७.४ | पुन स्थापना र नँयाबस्तिमा सर्ने (स्वेच्छीक पुन-स्थापना) | विशेष परिस्थितिमा मात्र घरहरु र समुदायहरुको स्वेच्छिक पुन स्थापना हुने ।<br><br>स्वच्छिक पुन स्थापनाको कारणले उक्त स्थानको भौतिक आर्थिक विस्थापन समेत हुने । | पुन स्थापना निति अनुरुप पुन पुर्नस्थापना योजनाबनाई योजना संचालनगर्नु पर्ने । | **CLPIU**<br>**GMaLI** | |